# मर्स्याङ्दी बहुमुखी क्याम्पस

## बेसीशहर, लमजुङ

## छात्रवृत्ति वितरण कार्यविधि २०७६ (संशोधन २०७८)

**प्रस्तवना**

यस लमजुङ जिल्लाको सदरमुकाम बेसीशहरमा उच्च शिक्षा प्राप्त गर्नको लागि विभिन्न तहमा भर्ना भएका विद्यार्थीहरु मध्ये जेहेन्दार, गरिब, अपाङ्ग, अल्पसंख्यक, जनजाती तथा दुर्गम क्षेत्रबाट आएका विद्यर्थीहरुलाई सर्वसुलभ तरीकाले गुणस्तरयुक्त शिक्षाको अध्ययन गराउने अभिप्रायले जिल्लाको शिक्षाप्रेमी, समाजसेवीहरुको सहयोगमा २०४७ सालमा यस मर्स्याङदी बहुमुखी क्याम्पसको स्थापना गरिएको हो । विद्यार्थीहरुलाई अध्ययन गर्ने क्रममा आर्थिक असुविधालाई कम गर्ने उद्धेश्यले यस छात्रवृति वितरणको लागि छात्रवृति विनियम २०७६ लाई विधान २०४७ सँग नबाझिने गरी तयार पारिएको हो ।

**परिच्छेद १**

**१. प्रारम्भ :**

क) यस नियमवालीको नाम छात्रवृति वितरण नियमवाली २०७६ रहने छ ।

ख) यो नियमवाली क्याम्पस परिषद द्वारा पारित भएको मिति देखि लागु हुनेछ ।

ग) क्याम्पस परिषदबाट यस नियमवाली आवश्यक संशोधन गर्न सकिनेछ ।

घ) यस क्याम्पसले आफ्नो नीजी श्रोत,चन्दादाता हरुले स्थापना गरेको अक्षयकोष र अन्य कुनै भएमा छात्रवृत्ति वितरण गर्ने छ ।

**२. परिभाषा :**

विषय र प्रसङले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) क्याम्पस भन्नाले मर्स्याङदी बहुमुखी क्याम्पस, बेसीशहर, लमजुङ लाई सम्झनु पर्दछ ।

ख) नियमवाली भन्नाले मर्स्याङदी बहुमुखी क्याम्पसको छात्रवृत्ति विनियमलाई सम्झनु पर्दछ ।

ग) संयोजक : संयोजक भन्नाले छात्रवृत्ति छनौट समितिको संयोजक भनी बुझ्नु पर्दछ ।

घ) सदस्यः सदस्य भन्नाले छात्रवृत्ति छनौट समितिको सदस्य बुझ्नु पर्दछ ।

ङ) अक्षयकोष दाता : अक्षयकोष दाता भन्नाले क्याम्पसमा छात्रवृत्ति प्रयोजनकोलागि अक्षयकोष स्थापना गर्ने व्यक्ति लाई वुझ्नुपर्दछ ।

च) प्राध्यापक संघ: प्राध्यापक संघ भन्नाले क्याम्पसमा अध्यापन गराउने सम्पूर्ण प्राध्यापकहरुको साझा संस्थालाई जनाउँदछ ।

छ) संकाय प्रमुख: संकाय प्रमुख भन्नाले क्याम्पसमा उपलब्ध रहेको विभिन्न संकायहरुको प्रमुखलाई जनाउँदछ ।

ज) विद्यार्थी प्रतिनिधि : विद्यार्थी प्रतिनिधि भन्नाले क्याम्पसमा रहेको स्व. वि. यू अध्यक्ष वा प्रतिधिनिलाई जनाउँदछ ।

## परिच्छेद २

२.१ क्याम्पस छात्रवृत्ति छनौट समितिका संयोजक तथा सदस्यहरु ।

क्याम्पसको विधानको परिच्छेद ३ को नियमावलि ३.१०.३ मा उल्लेख भए बमोजिम निम्न रहने छन् ।

| क. स | विवरण | पद |
|---|---|---|
| १ | क्याम्पस प्रमुख | संयोजक |
| २ | संचालक समितिले तोकेको १ जना | सदस्य |
| ३ | अक्षयकोष दाताहरुको प्रतिनिधि मध्ये १ जना | सदस्य |
| ४ | प्राध्यापक संघ इकाई अध्यक्ष | सदस्य |
| ५ | विभिन्न संकाय प्रमुख मध्ये एक | सदस्य |
| ६ | विद्यार्थी प्रतिनिधि | सदस्य |

२.२ क्याम्पस छात्रवृत्ति छनौट समितिले क्याम्पस संचालक समितिको अंगको रुपमा कार्य सम्पादन गर्नेछ ।

२.३ छात्रवृत्ति छनौट समितिले सिफारिस गरेको छात्रवृत्ति क्याम्पस संचालक समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

## परिच्छेद ३

३.१ छात्रवृत्ति निम्न आधारमा वितरण गरिनेछ ।

क) कम्तिमा १ महिनाको समय दिई प्रत्येक शैक्षिक वर्षको लागि छात्रवृत्तिको सूचना प्रकाशन गरिने छ ।

ख) छात्रवृत्ति सम्बन्धी सूचना क्याम्पसको सूचना पार्टीमा टाँस गरिनुको साथै कक्षाहरुमा जानकारी गराइनेछ र क्याम्पसको बेवसाइटमा पनि राखिनेछ ।

ग) सूचनामा छात्रवृत्तिको प्रकिया, छात्रवृत्तिका लागि आवेदन दिन सकिने आधारहरु र समावेश गर्नुपर्ने कागजातहरु उल्लेख गरिने छ ।

घ) छात्रवृत्तिमा सङ्काय र तहका साथै जेहेन्दार, अपाङ्ग, विपन्न, दलित , जनजाती , छात्र - छात्रा,

आदिको कोटा निर्धारण गरी -अनसूची १ मा उल्लेख भए बमोजिम) सूचना प्रकाशन गरिने छ ।

ङ) छात्रवृत्तिको लागि आवेदन दिएका विद्यार्थीहरु मध्येबाट Short Listing गरी अन्तर्वार्ताका लागि आह्वान गरिनेछ ।

च) क्याम्पसमा नियमित नहुने, आन्तरिक परीक्षामा सहभागी नभएका र अनुशासनहिन विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइने छैन ।

छ) सर्वोत्कृष्ट बाहेक रोजगारीमा लागेका छात्र छात्राको लागि छात्रवृत्ति उपलब्ध गराइने छैन ।

ज) अघिल्लो वर्ष छात्रवृत्ति पाएको विद्यार्थी सम्बन्धित कक्षा उतीर्ण नगरेमा अर्को वर्ष छात्रवृत्ति दिइने छैन ।

झ) विद्यार्थीको प्रकृति र अवस्थाका आधारमा छनौट प्रकिया अघि बढाइने छ ।

ञ) कक्षामा उत्कृष्ट हुने, तह तथा सङकाय प्रथम हुनेलाई स्वतः छात्रवृत्ति दिइने हुँदा यस प्रकियामा समावेश गरिने छैन ।

ट) क्याम्पसले तोकेको निश्चित अङ्कको प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थीले छात्रवृत्तिका लागि आवेदन दिनुपर्ने छैन ।

ठ) छात्रवृत्तिको राशि सम्बन्धमा आवश्यक निर्णय छात्रवृत्ति छनौट तथा सिफारिस उप समितिले गर्ने छ ।

ड) क्याम्पसबाट वितरण गरिने छात्रवृत्ति उल्लेखित उपसमितिबाट सिफारिस भई क्याम्पस संचालक समितिले अनुमोदन गरी एक समारोहका बीच अक्षयकोष दाताहरुको प्रतिनिधिको रोहवरमा वितरण गरिनेछ ।

## परिच्छेद ४

४.१ छात्रवृत्तिको प्रकार र मूल्यांकनका आधारहरु

**क) उत्कृष्ट विद्यार्थी छात्रवृत्ति :**

- हरेका तहमा भर्ना हुनको लागि लिइने प्रवेश परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने छात्र/ छात्राहरु ।
- हरेक तह र संकायमा हुने वोर्ड परीक्षामा नियमित समूहमा सम्मिलित विद्यार्थीहरुमध्ये उत्कृष्ट अंक हासिल गर्ने छात्र/छात्राहरु ।

- विविध खेलकूद तथा अन्य अतिरिक्त क्रियाकलापमा क्याम्पसको प्रतिनिधित्व गर्दै राष्ट्रिय स्तरको प्रतियोगिता वा प्रदेश स्तरीय प्रतियोगितामा उत्कृष्ट प्रस्तुतिका कारण कुनैपनि पदक हाँसिल गरेका वा राष्ट्रिय टिममा समावेश भएका विद्यार्थीहरु ।

**ख) गरीव तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति :**

- सिकाइमा जेहेन्दार तथा न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरु मध्येबाट छात्रा, जनजाति, दलित, लोपन्मुख तथा विकट क्षेत्रबाट आएका विद्यार्थीहरुको सहभागिता हुने गरी निम्नानुसारको आधारमा छात्रवृत्ति छनौट समितिबाट छनौट भइ सिफारिस भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

**ग) छात्रवृत्ति छनौटका आधारहरु :**

- भर्ना हुन आवेदन दिएको तह भन्दा उपल्लो तहमा हासिल गरेको शैक्षिक उपलब्धीको आधारमा बढीमा १५ अंक ।
- हाल अध्ययनरत तहको सिकाइ उपलब्धिको आधारमा बढीमा १५ अंक ।
- नियमितता तथा अतिरिक्त क्रियाकलापमा सहभागिताको आधारमा बढीमा १५ अंक ।
- निवेदकको घरायसी आर्थिक अवस्थाको आधारमा बढीमा २० अंक ।
- भौगोलिक विकटता तथा समावेशीताको आधारमा बढीमा १० अंक ।
- अन्तरवार्तामा निवेदकको प्रस्तुतिकरणको आधारमा बढीमा २५ अंक ।

**घ) छात्रवृत्ति छनौटका प्रक्रियाहरु :**

क) निवेदन आह्वन

ख) अन्तरवार्ता

# छात्रवृत्ति आवेदन फर्म

नाम :– ........................................................ फोन नं. ............................

बाबाको नाम :–............................................... फोन नं. ..............................

आमाको नाम :– .............................................. फोन नं. ..............................

ठेगाना :–............................ प्रदेश : ..................... जिल्ला :–........................

गाउँपालिका/नगरपालिका :–.............................................. वडा नं....................

टोल/गाउँ :–..............................................................................................

हाल अध्ययनरत :–......................... संकाय ........................ तह : ........... वर्ष

क्याम्पस रोल नम्बर :–........................................

एस.ई.ई./ एन.ई.वि./स्नातक दिएको विद्यालय/क्याम्पसको नाम :– ......................................................

ठेगाना :– ...............................................................................

प्राप्त ग्रेड/प्रतिशत :– ...............................................................................

**ईच्छाईएको छात्रवृत्तिको स्रोत ।**

क) क्याम्पस निजी स्रोत

ख) स्व. गिरिजा प्रसाद कोइराला स्मृति अक्षयकोष

ग) स्व. कप मोहन बहादुर थापा स्मृति अक्षयकोष

घ) तिलक बहादुर पौडेल अक्षयकोष

**कुनै एक वर्ग छान्नुहोस् ।**

क) जेहन्दार  ख) गरिब तथा जेहन्दार  ग) दलित घ) अपाङ्ग

निवेदकको हस्ताक्षर ..................................

मिति ....................................................

# मर्स्याङ्दी बहुमुखी क्याम्पस

## बेशीसहर –७, लमजुङ

## अनुसूची १

क) मर्स्याङ्दी बहुमुखी क्याम्पस, बेशीसहर लमजुङबाट क्याम्पपसमा अध्ययनरत विद्यार्थीलाई वितरण गरिने छात्रवृत्तिका प्रकार देहाय अनुसार हुनेछन् ।

| **क.स.** | **छात्रवृत्तिको प्रकार** | **वितरण गरिने प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १ | उत्कृष्ट (उच्च अकं प्राप्त गर्ने) | २५ | |
| २ | छात्रा | २५ | |
| ३ | अपाङ्ग | ५ | |
| ४ | दलित | १० | |
| ५ | दुर्गम | १० | |
| ६ | गरिब तथा जेहन्दार | १५ | |
| ७ | आदिवासी जनजाति | १० | |

ख) छात्रवृत्तिको स्रोत :–

| **क.स.** | **छात्रवृत्तिको स्रोत** | **वितरण गरिने प्रतिशत** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | क्याम्पस निजी स्रोत | ५५ | |
| २ | तिलक बहादुर पौडेल अक्षयकोष | १५ | प्राप्त व्याजबाट सत प्रतिशत |
| ३ | स्व. गिरिजाप्रसाद कोइराला स्मृति अक्षयकोष | १५ | प्राप्त व्याजबाट सत प्रतिशत |
| ४ | स्व. कप मोहन बहादुर थापा स्मृति अक्षयकोष | १५ | प्राप्त व्याजबाट सत प्रतिशत |